# शंकरपुर सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा.-११ अर्घाखाँची

पत्र सं.०८१।०८२
च.नं. १८

मिति : २०८१।१०।२२

विषय : काठ दाउरा बिक्रीको सूचना वेभ साइटमा राखि दिने बारे ।

श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका दाङ्ग

श्री वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही

श्री डिभिजन वन कार्यालय, अर्घाखाँची

उपरोक्त विषयमा यस शंकरपुर सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०७९/०८० मा ढलेका रुखहरु कटान गर्दा उत्पादन भई घाटगद्दीमा रहेका काठ दाउरा लिलाम सम्वन्धी शीलबन्दी बोलपत्र आवह्‌नको लागि मिति २०८१।१०।२२ गतेको बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी समूहले तयार गरेको विस्तृत सूचना तहाँ कार्यालयको वेभसाइटमा राखि दिन हुनका लागि यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.........................
भानु भक्त पल्ली
अध्यक्ष

समस्या भेल्नु परे पनि केही समवर्षाछ क्रमिक रुपमा सहज वातावरण हुँदै

गर्दै आएको स्मरण गरे। उनले उद्घाटन गरिएको अत्याधुनिक भवनबाट वडाले

अन्त्य भएको उनले बताए।

बाणगंगा नगरपालिकाका कर्मचारीसहित वडावासीको उल्लेख्य सहभागिता रहेको थियो।

# काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

(दोश्रो पटक प्रकाशित मिति : २०८१।१०।२२)

यस सा.व..उ.स.को स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०७९।०८० मा उत्पादन भई घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान २६८ को २५२९.२५ क्यू.फि. काठ र दाउरा ३.५० चट्टालाई समूह वाहिर लिलाम विक्रीको लागि डिभिजन वन कार्यालय, अर्घाखाँचीको लिलाम सहमति बमोजिम उक्त काठ दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलवन्दी वोलपत्र प्रकियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि १५ दिन भित्र बोलपत्र खरीद गरी १६ औं दिन दिनको ३:०० बजे भित्र दाखिला गर्नहुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्न हुन तथा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ।

शंकरपुर सामुदायिक वन उपभोक्ता समूह
शितगंगा- ११, अर्घाखाँची

उनीहरूलाई १०
प्रलोभन पारी लैजा
अनुसन्धानबाट खुलेको
माइती नेपाल
भैरहवा र इलाका
बेलहियाको संयुक्त
किशोरीहरूलाई बेल
उद्धार गरेको छ।
भारतको राजस्थ
काम लगाइदिने भन्दै

सिद्धार्थ



कपिलवस्तु २१ माघ
सिद्धार्थ विद्यामन्दि
सिद्धार्थ स्काउट
समारोह तथा वसन्
अवसरमा सरस्वती

0546050693

# शंकरपुर सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

प.सं. ०८१।०८२

च.नं.

मिति : २०८१।१०।२२

विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !

(बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित मिति २०८१।१०।२२)

प्रस्तुत विषयमा यस सामुदायिक वनको व्यवस्थापनको क्रममा आ.व. २०७९/०८० मा हलापडाका रुखहरु संकलन गर्दा उत्पादन भई उपभोक्ताहरुलाई बिक्री गरी बचेका तथा जिल्ला वन पैदावार आपुर्ति समिति अर्घाखाँचीको लागि छुट्टाई राखिएका गोलिया काठ बाहेकका कालिदमारमा घाटगद्दी गरी राखिएका बिभिन्न जातको गोलिया थान २६८ को २५२९.२५ क्यू.फिट गोलिया काठ र साल दाउरा ३.५० चट्टालाई कायम गरिएको २ वटा लटहरु हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले बन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि १५ दिन भित्र बोलपत्र खरीद गरी १६ औं दिन बिदा भएकोले १७ औं दिन मिति २०८१।११।०८ गते दिउसको १२:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ११८ मिति २०८०।५।६ गतेको स्युबर फर्मुला बमोजिम लिलाम सहमति बमोजिमको दोश्रो पटक सूचना प्रकाशित

| लट नं. | काठको श्रोत | काठको प्रजाति | स्तर (ग्रेड) | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | आ.व. ०७९/०८० हलापडा तर्फका खाडु नं. १ को केही गोलिया, खाडु नं. २ र ३ | साल | A | २७ | ६२०.४२ | १००० | ६२०४२० | ३४२,८५१ | |
| | | साल | B | ५२ | ७६१.५८ | ७०० | ५३३१०६ | | |
| | | साल | C | १३९ | ९०१.३५ | ५०० | ४५०६७५ | | |
| | | साल | D | १ | २.३२ | ३०० | ६९६ | | |
| | जम्मा | | | २१९ | २२८५.६७ | | १६०४८९७ | ३४२८५१ | |
| ०२/०८१/०८२ | आ.व. ०७९/०८० हलापडा तर्फका खाडु नं. ४ र दाउरा | असना | A | १ | १९.१२ | ४०० | ७६४८ | ३६,५३० | |
| | | असना | B | ३ | ४३.२४ | ३०० | १२९७२ | | |
| | | असना | C | ३ | १४.७७ | १०० | १४७७ | | |
| | | दबदबे | N | ६ | ४०.०२ | १०० | ४००२ | | |
| | | कुसुम | N | ६ | १२६.४३ | १०० | १२६४३ | | |
| | | साल दाउरा ३.५० चट्टा | | | | १२००० | ४२००० | ४७,२५० | |
| | जम्मा | | | | | | ८०७४२ | ८३,७८७ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८१/११/०६ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८१/११/०८ गते दिउसो १२.०० बजेसम्म ।

# शंकरपुर सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट नियमानुसार हुने रकम तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको कृषि विकास बैंक, तौलीहवा शाखा, कपिलवस्तुमा रहेको हिसाब नं. ०४१५४००६१८६१७०१० खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्बन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोबार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।११।१० गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, बोलपत्रदाता वा निजका प्रतिनिधि रोहबरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलबन्दी भई नआएको, सम्बन्धित कार्यालयबाट बिक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा बिक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ र शिलबन्दी खाममा लट नम्बर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी शंकरपुर सा.व.उ.स.को काठ दाउरा लिलाम शिलबन्दी बोलपत्र भनी उल्लेख गरेको हुनु पर्नेछ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०८१ साल माघ .महिना २२ गते रोज ०३ मा शुभम् ............................।